पाथीभरा याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थेचम्बु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

प. स. ०८२/०८३
च. न. ४२

**मागमा आधारित आयआर्जन तथा सिपमुलक तालिम कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना ।**

प्रकाशित मितिः २०८२/१२/३०

प्रस्तुत विषयमा यस गाउँपालिकाको आर्थिक बर्ष २०८२।८३ को बार्षिक स्वीकृत कार्यक्रम **"मागमा आधारित आयआर्जन तथा सिपमुलक कार्यक्रम"** सञ्चालन यस गाउँपालिकाको वडा नं. १ नाङ्खोल्याङको साविक ५ नं. मेवाखा टोल, वडा नं. २ थेचम्बुको साविक १ नं. सेरम्फु र वडा नं. २ थेचम्बुकै साविक ६ नं. खाल्टे स्थायी ठेगाना भएका योग्य महिला हरुको मागको आधारमा तालिम कार्यक्रम सञ्चालन गरिने भएको हुँदा उक्त तालिम कार्यक्रमको लागि तपसिलका कागजातहरु संलग्न राखी ८ (आठ) दिन भित्र यसै सूचना साथ संलग्न ढाँचा बमोजिमको आवेदन पेश गर्नुहुन सम्बन्धित भौगोलिक क्षेत्रका १८ बर्ष पुरा भई ५० बर्ष ननाघेका महिलाहरुको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन पेश गर्दा आफुले कुन तालिम लिन चाहेको हो, सो समेत खुलाई आवेदन पेश गर्नुपर्नेछ छ । तोकिएको कागजात संलग्न नगरी पेश भएको, असम्बन्धित भौगोलिक क्षेत्रबाट पेश भएको, म्याद नाघी पेश भएको र उल्लिखित उमेर समुह भन्दा घटि वा बढी उमेर भएका महिलाहरुबाट पेश भएको निवेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

१. निवेदन ।
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

इन्द्र कमल श्रेष्ठ
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

## मागमा आधारित आयआर्जन तथा सिपमुलक कार्यक्रमको आवेदन फारम

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
पाथीभरा याङवरक गाउँपालिका, थेचम्बु

विषयः मागमा आधारित कार्यक्रमको लागि आवेदन पेश गरेको सम्बन्धमा ।

उल्लेखित विषयमा तहाँ गाउँपालिकाको मिति २०८२।१२।२७ गतेको **मागमा आधारित आयआर्जन तथा सिपमुलक तालिम कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना** बमोजिमको तालिम कार्यक्रममा सहभागी गराइपाउँ भनि यो निवेदन पेश गर्दछु । मैले लिन चाहेको तालिमको माग, मेरो विवरण र संलग्न कागजातहरु तपसिल बमोजिम रहेको व्यहोरा समेत यसै निवेदन साथ जानकारी गराउदछु ।

<u>तपसिल</u>

१. नाम/थरः

२. जन्म मितिः

३. लिङ्गः

४. स्थायी ठेगाना (टोल समेत):

५. हालको बसोबास रहेको ठेगाना (टोल समेत):

६. माग गरेको वा लिन चाहेको तालिमः

७. पतिको नामः

८. बुवाको नामः

९. आमाको नामः

१०. यस अघि उक्त तालिम लिएको/नलिएकोः

११. सो तालिम पश्चात सोहि तालिम सम्बन्धि व्यवसाय गर्ने योजना रहेको/नरहेकोः

संलग्न कागजातहरु

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपीः
२. समबन्धित वडा कार्यालयको सिफारिसः

<u>निवेदक</u>
नामः
ठेगानाः